

# अध्याय -९

## बुद्धि पुर्‍याएर जीवन निर्वाह गर्नु

**यस अध्यायका मूल पदहरू: एफिसी ५:१-२०; १ कोरन्थी ५:१-११; प्रकाश १६:१-१६; कलस्सी ४:५; हितोपदेश २०:१; हितोपदेश २३:२९-३५; प्रेरित १६:२५।**



**यस अध्यायको मूल सार पद: "कसरी हिंड्छौ ध्यानसँग हेर– निर्बुद्धि मानिसजस्तो होइन, तर बुद्धिमान्‌जस्तो। समयको पूरा सदुपयोग गर, किनकि दिन खराब छ। यसैकारण मूर्ख नहोओ, तर प्रभुको इच्छा के छ, सो बुझ।" एफिसी ५:१५-१७।**

केही वर्ष अघि एउटा स्पटिकको लोटा बिलायतमा लिलामको लागि राखिएको थियो। लिलाम गर्नेहरूले त्यो लोटा उन्नाइसौं शताब्दीको रातो रङ्ग भएको लोटा वा जगको मूल्य २०० डलर पर्छ भनेर अनुमान गरेका थिए। दुई जनाले त्यो जग अत्यन्तै दुर्लभ इस्लामको भाँडो भनेर चिने। त्यसको मूल्यलाई तिनीहरूले दिमागमा खेलाउँदा पचास लाख पाउण्ड वा सत्तरी करोड डलरको अनुमान गरे। किन्ने मानिसले लिलाममा तोकिएको मूल्य तिरेर किन लगेको थियो त? किन्ने मानिसलाई त्यस जग वा भाँडोको बारेमा केही थाहा थियो जुन बेच्नेले त्यसको सही मूल्य थाहा थिएन।

मूर्तिपूजा गर्नेहरू र विश्वासीहरूले जानेको मूल्यमा के फरक छ भनेर पावलले एफिसी ५:१-२०मा उल्लेख गर्दछन्। सनातन सृष्टिकर्ता परमेश्वरलाई

नमान्ने मूर्तिपूजाको सभ्यतामा लागेका मानिसहरूले बेकारका ठट्यौली कथाहरू (एफिसी ५:४), जाँड रक्सी खाएर मोजमज्जामा मात्तिनु ( एफिसी ५:१८) र अश्लिल र कामबासनामा मात्तिनु तिनीहरूको जीवनको ठूलो उपलब्धी वा धन मान्दथे। तर विश्वासीहरूलाई थाहा थियो कि समय आउँदै छ जुन सबै थोकका सही मूल्यहरूको पहिचान हुनेछ (एफिसी ५:५,६)। विश्वासीहरूको निम्ति रमझम, पार्टी, जाँडरक्सी खाएर मात्तिनुको सट्टा "येशू ख्रीष्टमा सबै भलाइ, धार्मिकता र सत्यतानै" मूल्यवान थियो (एफिसी ५:९)। येशूमा भएको मूल्य मान्यता र शोभनियतालाई पक्रिएर राखेर जिउ भनेर पावलले विश्वासीहरूलाई उत्साहित गराउँछन्। तिनीहरू अनन्त जीवनको प्राङ्गनमा छन् भनेर आत्मसात् गर्दै बाँच्नुपर्छ भन्ने पावलको जिकिर छ (एफिसी ५:१५-१७)।

## १. "बरु सबै कुराको निम्ति परमेश्वरमा धन्यवाद चढाउने गर"

**येशूलाई विश्वास गर्नेहरू अरू कसैको होइन "परमेश्वरको देखासिकी गर भनेर पावलले आग्रह गर्छन्। कुन अर्थमा तिनीहरूले परमेश्वरको अनुसरण गर्नुपर्छ? हेर्नुहोस्, "यसकारण तिमीहरू प्रिय बालकहरूझैं परमेश्वरको देखासिकी गर्नेहरू होओ। तिमीहरू प्रेममा चल, जसरी ख्रीष्टले पनि हामीहरूसँग प्रेम गर्नुभयो, र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण गर्नुभयो।" एफिसी ५:१-२।**

येशूका भक्तहरूलाई प्रेममा हिँड भनेर पावलले आग्रह गर्दछन्। एफिसी ५:८,१५मा यस चाललाई पावलले महत्त्व दिएका छन्। "प्रेममा हिँड्नु" भन्नाले हामीप्रति येशूको प्रेमको नमुनामा चल्नु हो (एफिसी ४:३२)। हामीलाई पापबाट मुक्त गर्न उहाँले जीवन दिनुभएको थियो। येशूको त्याग वा बलिदान चार वटा तत्वहरूको आधारमा भएको थियो भनेर पावलले जिकिर गर्दछन्: १. परमेश्वर पिताको र ख्रीष्ट आफैको प्रेमले परिचालित हुनुभएको थियो (एफिसी ५:१,२); २. हामी मर्नुपर्ने ठाउँमा हाम्रो बदलीमा येशू मर्नुभएको थियो। उहाँको मृत्यु देखावटी थिएन तर वास्तविक नै थियो। हाम्रो निम्ति उहाँले आफ्नो जीवन अर्पण गर्नुभएको थियो; ३. पुरानो करारमा पवित्रस्थानमा गरिने सेवाविधि अनुसार येशूको मृत्यु बलि थियो जुन परमेश्वरमा चढाइएको थियो; ४.त्यो बलि परमेश्वरले ग्रहण गर्नुभयो किनकि त्यो सुगन्धित भेटी थियो (एफिसी ५:२, प्रस्थान २९:१८, लेबी २:९, फिलिप्पी ४:१८)।

विश्वासीहरू शारीरिक कामबासना वा व्यभिचारमा लागेकोले त्यस प्रवृत्तिप्रति पावलले एफिसी ५:३-५ चिन्ता व्यक्त गर्दछन्। भर्खर विश्वास गरेका युवाहरूले येशूलाई विश्वास गर्न छोडेर पुरानै कामबासनाको जीवन बिताउने प्रलोभनमा परेका थिए। तिनीहरूको त्यस व्यवहारले इसाई गवाहीको बेइज्जत हुन्थ्यो (१ कोरन्थी ५:१-११, १ कोरन्थी ६:१२-२०, २ कोरन्थी १२:२१)।

तत्कालिन पहिलो शताब्दीको ग्रीक र रोमी साम्राज्य वा सभ्यतामा नैतिक भ्रष्टाचार र कामबासनाको बिलासी जीवनलाई समाजले मान्यता दिएको थियो। यस मामिलामा नयाँ करारको अन्त लेखहरूमा पनि पाइन्छ, जस्तै १ कोरन्थी ६:९, गलाती ५:१९, एफिसी ४:१७-१९, कलस्सी ३:५)। धनीहरूको भोजभतेरमा मानिसहरूको गति कस्तो हुन्थ्यो भनेर पावलले एफिसी ५:३-१४मा किटानी गरेका छन्ः जाँड रक्सीले मात्तिने, हँस्सीमजाक गरेर बोल्ने, अभद्र र अश्लिल मनोरञ्जन र नैतिकहिन कामबासनाले मात्तिएर यौनक्रिडामा लाग्ने।

त्यसको थपमा सहरहरूमा सरकारले नै मान्य कतिपय गोप्य ठाउँहरू र यौन क्रिडास्थल वा क्लबहरूको भवनहरू थिए जहाँ अनैतिक यौन सम्पर्कहरू चल्दथे। फेरि त्यसै वखत त्यही समाजमा कतिपय प्रतिष्ठित चरित्रवान मानिसहरू थिए जसको जीवनले कडा नैतिकता अपनाउँथे र नैतिक जीवन बिताउन तिनीहरूले आह्वान गर्दथे। जब नयाँ करारमा दुष्ट र गुणिलो अर्थात् असल व्यवहारको सूचीहरू र घरेलु परिवारमा अपनाउने नीतिहरू प्रस्तुत गरेका थिए (एफिसी ५:२१-६:९, कलस्सी ३:१८-४:१), तब लेखकहरूले विस्तृत ग्रीक र रोमी संसारको सभ्यतामा भएका चलनचल्तीहरूका विषयबस्तुहरूलाई उघारेका थिए। त्यो संसार भ्रष्ट र नैतिकतामा लठालिङ्ग थिए। अन्यजातिको समाजले नै मान्यता पाएतापनि विश्वासीहरूले अनैतिक व्यवहार नगर्न पावलले अर्ती दिन्छन्। विश्वासीहरू आफ्नो चालचलन, व्यवहारमा होशियारी अपनाउनुपर्छ जसले गर्दा बाहिरका मानिसहरूले पनि तिनीहरूको चरित्रप्रति सराहना गरोस्। येशूभावनामा भावित भएर चल्दा समाजबाट कदर पाउन सकिन्छ भन्ने पावलको शिक्षा हो।

**तपाईंहरू रहनुभएको समाज, देश, संस्कारमा नैतिक र सदाचारी जीवन बिताउन पावलले दिएको अर्ती कतिको व्यवहारिक छन्?**

## २. ज्योतिका सन्तान भएर हिंड्नु

**"कसैले तिमीहरूलाई खोक्रा कुराले धोका नदेओस्, किनकि ती कुराको कारणले अनाज्ञाकारीहरूमाथि परमेश्वरको क्रोध पर्छ।" एफिसी ५:६।**

पश्चाताप वा पछुताउ र लाजै नमानिसको विभिन्न पापहरूमा आशक्त हुनेहरूको पहिचान पावलले गर्दछन्। ती पापहरूमा कामवासनामा लिप्त भएर विभिन्न अनेतिक यौन सम्पर्क गर्ने, अशुद्ध र खराब जीवनशैली अपनाउनु र लोभमा पर्नु हो (एफिसी ५:५)। उनले आफ्नो भावना ठाडै व्यक्त गर्दछन्: संसारमा दुई थरीका मानिसहरू छन्। एक थरी ख्रीष्टमा छन् र भविष्यको राज्यमा सहभागी हुन आफूलाई योग्य बनाइरहेका हुन्छन्, र अर्को यस संसारको अस्थायी जीवनको निम्तिमात्रै बाँचिरहेका हुन्छन् र अनन्त जीवनको केही मतलब राख्दैन र इन्द्रियतृप्ति तिनीहरूको लक्ष्य हो (एफिसी ५:५)। अब क्रिश्चियन भनाउँदाहरू नै सामाजिक र संस्कारको मान्यताको लहैलहैमा लागेर कामबासनामा लाग्नु ठिकै छ भन्ने खोक्रो शिक्षा र दर्शनहरूमा लाग्न सक्छन् भन्ने कुरामा पावलले आफ्नो चिन्ता व्यक्त गर्दछन्। यस्तो धोखामा पर्नु युगको  अन्तको न्यायमा परमेश्वरको क्रोधमा सहभागी हुनसक्छ, जुन परमेश्वरका आज्ञाहरूलाई सरासर इन्कार गरेर दुष्ट काममा लाग्नेहरूमा पर्दछ (एफिसी ५:६)।

"परमेश्वरको क्रोध" भन्ने वाक्यांश चुनौतीपूर्ण छ। परमेश्वरको क्रोध मानिसको रिसाउने मिजास भन्दा फरक छ (एफिसी ४:३१)। परमेश्वर सहनशील, धैर्य र धार्मिक वा उचित तथा न्यायोचित हुनुहुन्छ। तर जब मानिसहरू बारम्बार परमेश्वरको नीतिको विरुद्धमा चलेर जिद्दी गर्दै खराब, दुष्ट र बहुलट्ठीपनामा चलेर आफ्नो शारीरिक, मानसिक र आत्मिक तथा भावनात्मक जीवनलाई दुरुपयोग गरेर आत्महत्याको बाटोमा लाग्छन् तिनीहरूप्रति परमेश्वरको क्रोध कुनै मानिसको झरङ्ग रिसाउने खालको हुँदैन। परमेश्वरको क्रोध भन्नाले बाइबलमा प्रेरणा गरिएर लेखेको अनुसार उहाँको आउने न्यायलाई सम्बोधन गर्छ (एफिसी ६:१२-१७, प्रकाश १६:१-१६, प्रकाश १९:११-१६)। यथार्थमा उहाँको आउने न्यायहरू उहाँका अनुग्रहको काम हो, किनकि मानिसहरू स्वभावैले क्रोधका सन्तान हुन् (एफिसी २:३) अर्थात् तिनीहरू उहाँको न्यायको अन्तर्गत रहन्छन्।

**पापी, अधर्मी, दुष्ट, छली र आफ्नो शरीरलाई आदर नगरि दुरुपयोग गर्नेहरूसँग सहभागी नहुनु वा सहकार्य नगर्नु भनेर पावलले विश्वासीहरूलाई किन**

**अर्ती दिन्छन्? हेर्नुहोस्, "७ यसकारण तिनीहरूसँग सहभागी नहोओ, ८ किनकि एक पल्ट तिमीहरू अन्धकारमा थियौ, तर अब प्रभुमा तिमीहरू उज्यालो भयौ। ज्योतिका सन्तानझैं हिँड्डुल गर, ९ किनकि सबै भलाइ, धार्मिकता र सत्यतामा नै ज्योतिको फल पाइन्छ, १० र प्रभुलाई मन पर्ने के हो सो सिक्ने कोसिस गर।" एफिसी ५:७-१०।**

ज्योतिका सन्तान भएर हिंड र परमेश्वरलाई के मनपर्छ त्यसमा लाग्ने कोशिश गर भनेर पावलले अर्ती दिन्छन्। परमेश्वरलाई विश्वास नगर्ने वा रोटीको निम्तिमात्र बाँच्नेहरू शारीरिक कामवासना, अनैतिक यौन सम्पर्क, अशुद्ध वा फोहरी जीवन र लोभमा फसिरहन्छन्। विश्वासीहरूका लक्ष्य नै नाटकियरूपमा फरक हुन्छन्। तिनीहरू आफूलाई खुशी पार्ने र आफ्नो भाउ खोज्ने जीवन बिताउँदैन तर परमेश्वरलाई खुशी पार्ने जीवन बिताउँछन् (रोमी १२:१, २ कोरन्थी ५:९, हिब्रू १३:२१)। पावलले प्रयोग गरेका शब्द *इयुरेस्टोस euarestos* हो। यसको अर्थ खुशी पार्नेमात्र होइन जे स्वीकार्य छ त्यो गर्नु हो। विश्वासीहरूले येशूको स्वार्थत्याग र भाउ नखोज्ने निश्वार्थी मिजासलाई प्रतिविम्वित गरिरहेका हुन्छन्। एफिसी ५:२मा लेखिएको छ, "तिमीहरू प्रेममा चल, जसरी ख्रीष्टले पनि हामीहरूसँग प्रेम गर्नुभयो, र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण गर्नुभयो।" एफिसी ५:२।

**पावलले भनेको अनुसार वर्तमान युगमा खोक्रो बोलीवचन वा शव्दहरू, लेखहरू, वाद र दर्शनहरू के के छन् जसबाट हामी टाढा हुनुपर्दछ?**

## ३. "ए, सुतुवाहरू, उठ, जाग"

**पावलले अत्यन्तै प्रभावकारी र उल्लेखनीय चेतावनी सुतीरहनचाहने इसाईहरूलाई एफिसी ५:११-१४मा दिएका छन्। के त्यो आजको समाजमा र हाम्रै चर्चमा पनि सान्दर्भिक छ त? हेर्नुहोस्। "११ अन्धकारका निष्फल कार्यहरूमा भाग नलेओ, बरु तिनलाई प्रकट गरिदेओ। १२ किनकि तिनीहरूले गुप्तमा गरेका कामहरूका विषयमा भन्नु पनि शर्मको कुरो हो। १३ तर ज्योतिद्वारा कुनै कुरा प्रकट गरिंदा त्यो प्रष्टै देखिन्छ। त्यो कुरा, जो प्रष्टै देखिन्छ, त्यो ज्योति हो। १४ यसैले यस्तो भनिएको छः "ए निद्रामा परेकाहरू, जाग र मरेकाहरूबाट उठ, र ख्रीष्टले तिमीहरूलाई प्रकाश दिनुहुनेछ।"**

पावलले एफिसी ५:११-१४मा दुई अर्तीहरू एक पछि अर्को दिएका छन्। (१) ज्योतिका सन्तान भनेर विश्वासीहरूले दावी गर्छन् भने तब

परमेश्वरलाई सम्मान गर्ने वा उहाँको इज्जत राख्ने जीवनशैली अपनाउनुपर्दछ (एफिसी ५:८; ५:१,२,४, ९-१०,११,१३-१४); र (२) अनैतिक कामबासनाको जीवन बिताउनुहुन्न (सायद त्यसबेलाका कतिपय इसाईहरूले त्यो जीवनशैली अपनाएको हुनुपर्छ नत्र किन अर्ती दिनु पऱ्यो?-अनुवादक)। त्यो जीवनशैली परमेश्वरको सरासर विरुद्धमा छ। यस खलाको जीवनले इसाई भनेर दावी गरेतापनि अन्धकारका निष्फलमा भाग लिइरहेको देखाउँछ (एफिसी ५:११-१२)।

एफिसी ५:११ बुझ्न एफिसी ५:८-१०लाई बुझ्नु आवश्यक छ। पावलले समानान्तर अर्तीहरू किन दियो होला सो बुझ्नु जरुरी छ। विश्वासीहरू अवबिश्वासीहरूको बीचमा "ज्योतिका सन्तान" र "प्रभुको ज्योतिमा" वा प्रयोगात्मक आत्मज्ञानमा रहिरहेको छ भनेर प्रदर्शन गरिरहनुपर्दछ। यस्तो जीवन किन बिताउन आह्वान गरिएको छ भन्दा "किनकि सबै भलाइ, धार्मिकता र सत्यतामा नै ज्योतिको फल पाइने भएकोले।" एफिसी ५:९। परमश्वरका आत्मा आफै ज्योति भएकोले उहाँले हामीमा लुकिएका गुणहरू प्रकट गर्नुहुन्छ। प्रवचन छाँट्ने वा इसाई हुँ भनेर मुखलेमात्र दावी गर्ने होइन तर जीवनशैलीबाट नै परमेश्वरका ज्योतिका छोराछोरीहरू हौं भने स्पष्ट देखाउनु अनिवार्य छ। यहाँ परमेश्वरको भलाइ वा हाम्रोप्रति उहाँको हितलाई कसरी देखाउने भन्ने रणनीति पावलले वकालत गर्दैछन्। विश्वासीहरू धार्मिक, न्यायोचित, उचित र येशूभावनाभावित जीवन बिताएर अन्धकारका कामहरूको प्रतिफलको भन्डाफोर गर्नुपर्छ। यो सबैले देख्ने हुनुपर्छ।

फेरि त्यसैवखत, पद १३-१४को काव्यशैलीको चुनौतीपूर्ण भाषालाई आत्मसात् गर्दै ज्योतिका सन्तान हौ भनेर प्रमाणित गरेर देखाउन पावलले साहस गर्छन्। त्यस किसिमको जीवनले संसारका मानिसहरूलाई येशूप्रतिको आस्थामा आकर्षित गर्न सकिन्छ कि भनेर पावलले अनुमान गर्दछन्: "१३ तर ज्योतिद्वारा कुनै कुरा प्रकट गरिँदा त्यो प्रष्टै देखिन्छ। त्यो कुरा, जो प्रष्टै देखिन्छ, त्यो ज्योति हो। १४ यसैले यस्तो भनिएको छः "ए निद्रामा परेकाहरू, जाग र मरेकाहरूबाट उठ, र ख्रीष्टले तिमीहरूलाई प्रकाश दिनुहुनेछ।" एफिसी ५:१३-१४। जब बिलासी जीवन, अनैतिक र लापर्वाही जीवन बिताउने मानिसहरूमा ज्योति पर्दछ तब तिनीहरूको सांसारिक जीवन कस्तो रहेछ भनेर तिनीहरूले थाहा पाउन सक्नेछ ("यो प्रष्ट हुनेछ") र भविष्यको मतलब नराख्ने र परमेश्वरलाई क्रोधित पार्ने जीवन मानिसहरूले बिताउँछन् (एफिसी ५:५,६),

तब तिनीहरूमा ज्योति परेपछि अन्धकारबाट उज्यालो तिनीहरूले अनुभव गर्न सक्छ ("कुनै कुरा देखिने हुन्छ त्यो ज्योति हुन्छ")। यही अनुभव पावलको एफिसीका पाठकहरूले गरेका थिए जब तिनीहरूले येशूलाई विश्वास गरेका थिए (एफिसी ५:८)।

कविता वा भजनको शैलीमा पावलले एफिसी ५:१४मा व्यक्त गरिएको छः

"ए निद्रामा परेकाहरू,
जाग र मरेकाहरूबाट उठ,
र ख्रीष्टले तिमीहरूलाई प्रकाश दिनुहुनेछ।"

यस आह्वानमा युगको अन्तमा हुने पुनरुत्थानको भाषा प्रयोग गरिएको छ (एफिसी २:१,५)-मरेकाहरू उठ, अनि त्यससँगै आत्मिक निन्द्राबाट जाग र ख्रीष्टको सामु परिवर्तित जीवन अनुभव गर्नु भनेर पावलले आफ्ना पाठकहरूलाई आह्वान गर्दछन्। पावलले यशैया ६०:१-३को अंशबाट उतारेका थिए, "१ "उठ्, प्रकाशमान् हो, किनकि तिम्रो प्रकाश आएको छ, र परमप्रभुको महिमा तिमीमाथि उदाएको छ। २ हेर्, अँध्यारोले पृथ्वीलाई, र घोर अँध्यारोले मानिसहरूलाई ढाकेको छ, तर परमप्रभु तिमीमाथि चम्कनुहुन्छ, र उहाँको महिमा तिमीमाथि प्रकट हुन्छ। ३ जाति-जाति तिम्रो प्रकाशमा र राजाहरू तिम्रो प्रभातको ज्योतिमा आउनेछन्।" यो आह्वान परमेश्वरका इस्राएली जनहरूलाई सम्बोधन गरेतापनि येशूलाई विश्वास गर्नेहरू निन्द्राबाट जाग भनेर घचघचाएको देखिन्छ। कस्तो निन्द्रा त? कतिपय मानिसहरू बप्तिस्माको बेलामा सुसमाचार सुनाउँछु वा चर्चसँग मिलेर येशूको बारेमा सुनाउँछु भनेर बाचा गर्छन्, तर त्यो बाचा कतिपय समयमा बप्तिस्मा लिएपछि सुकेर पनि जान्छन्। केवल चर्चका पास्टर वा कर्मचारी मात्र होइन प्रत्येक विश्वासी मिसिनेरी हुनुपर्ने भूमिकामा जागरुत हुनुपर्छ र अन्धकार संसारमा ख्रीष्टको ज्योति प्रतिबिम्बित गर्नुपर्छ (फिलिप्पी २:१४-१६, मत्ती ५:१६) भन्ने आह्वानमा सरिक हुन पावलको आग्रह छ।

**तपाईं कस्तो किसिममो जीवनशैली अपानउन प्रयास गर्न सक्नुपर्छ जसले गर्दा तपाईंको ज्योति अन्धकारमा लाग्नेहरूमा टल्किन सक्छ?**

## ४. येशूभक्तको जीवनमा अपनाउनु पर्ने बाँकि जीवनशैलीहरू

दुई समूहका अर्तीहरू दिएर पावलले एफिसी ५:१-२० अन्त्य गर्छन्, एफिसी ५:१५-१७ र एफिसी ५:१८-२०। यौन सम्बद्धमा शुद्ध रहनु भनेर

जिकिर गर्दै यो अंशको अन्त गर्छन्। पहिलो समूह देहायका अर्तीहरूबाट सुरु गर्छन्, "यसैकारण मूर्ख नहोओ, तर प्रभुको इच्छा के छ, सो बुझ।" एफिसी ५:१७। अर्थात् "मूर्ख नहुनु तर परमेश्वरको इच्छा के हो सो बुझेर चल्नु" (पद १५)। त्यही बीचमा पावलले "समयको पूरा सदुपयोग गर अर्थात् चौविस घन्टाको एक क्षण पनि खेर नफाल" (एफिसी ५:१६)।

**प्रार्थना गर्दै, बुद्धिज्ञानलाई चिन्दै र बुझ्दै जीवन बिताउनु भन्ने पावलको अर्तीलाई ध्यान दिएर सोच्नुहोस् (एफिसी ५:१५-१७: "यसैले कसरी हिंड्छौ ध्यानसँग हेर– निर्बुद्धि मानिसजस्तो होइन, तर बुद्धिमान्जस्तो। समयको पूरा सदुपयोग गर, किनकि दिन खराब छ। यसैकारण मूर्ख नहोओ, तर प्रभुको इच्छा के छ, सो बुझ")। मूर्ख भएर नहिँड्नु र बुद्धिमान भएर हिँड्नुको बीचमा के भिन्नता छ? "समयको सदुपयोग गर" वा अङ्ग्रेजीमा "रिडिमिङ्ग ट टाइम्स" जसको अर्थ हो "समयलाई बन्धनबाट छुटकारा गर" भनेर अनुवाद गरिएको छ। येशूलाई माया गर्नेहरूको निम्ति त्यसको अर्थ के हो?**

परमेश्वरलाई विश्वास गर्ने र उहाँलाई प्रेम गर्छु भनेर दावी गर्नेहरूलाई गरेको "हिंड" भन्ने आह्वान पुरानो करारमा जताततै छरिएकाछन्। पावलले पनि येशूका विश्वासीहरूलाई बारम्बरा त्यही आह्वान गरेको पाइन्छ (एफिसी २:२,१०; ४:१,१७; ५:२,८)। यी पदहरूमा पावलले येशूका विश्वासीहरूलाई आफूहरूले दावी गरेको अनुसार जानाजानी येशूकै चेला भएर चल भन्ने आग्रहलाई बुझाउन "हिंड" भन्ने शब्द प्रयोग गरेका छन्। जसरी अन्धकारमा हिंड्दा वा खाल्डाखुल्डी भएको ठाउँमा होशियारसाथ पाइला टेकेर हिंड्नुपर्छ, त्यसरी नै आत्मिक जीवनमा पनि येशूभक्तहरू होशियारसाध ध्यान दिएर हिंड्नुपर्दछ (एफिसी ५:१५)। येशूभक्तहरू सुझबुझ र बुद्धि पु¥याएर हिंड्नुपर्छ भनेर एफिसी ५:१५ र १७ले व्याख्या गर्दछ, "यसैले कसरी हिंड्छौ ध्यानसँग हेर– निर्बुद्धि मानिसजस्तो होइन, तर बुद्धिमान्जस्तो।..यसैकारण मूर्ख नहोओ, तर प्रभुको इच्छा के छ, सो बुझ।" बुद्धिमानीपूर्वक हिंड्नुपर्छ भन्दा त्यो बुद्धि हामीभित्र नै भएको अनुसार होइन। प्रभुको वचनमा "बुद्धिमान हुनु" भनेको हाम्रो जीवनको अपार बुद्धिलाई प्रयोग गरेर चल्नु हो। त्यो अपार बुद्धि हो "परमेश्वरको इच्छा के हो" सो बुझ्नु हो।

येशूका उद्देश्यप्रेरित चेला हुनु भनेको के हो भनेर पावलले ज्वलन्त वा दैनिक जीवनमा लागु हुने प्रतिक दिएर बुझाउन खोज्दछन्। त्यो हो "समय।" मानिसले समयको मूल्यलाई वेवास्ता गरेर चल्ने बानी छ, येशूभक्तले समयको

सदुपयोग गरेर चल्नुपर्छ वा मानौं मानिस जस्तै समय पनि बन्धनमा र त्यसलाई सदुपयोग गर्दा त्यस बन्धनले समयलाई छुट्कारा दिन्छ। यही धारणा पावलले कलस्सी ४:५मा पनि प्रयोग गर्दछन्। उनले प्रयोग गरेका क्रियापद ग्रीक भाषाको *exagorazo एक्साजोराजो* हो। यसको अर्थ बजारमा केही बस्तु किन्दा मोलतोल गर्नु वा कस्नु हो। जब हामी येशूको आगमनको निम्ति पर्खिरहेका हुन्छौं, तब समयलाई पनि कस्सेर चल्नुपर्छ भन्ने धारणालाई आत्मसात् गर्नुपर्छ। ग्रिक भाषाको शब्दमा "समय" भनेको *kairos केइरोस* हो। यो अवसरको क्षण हो। अन्तको समय आउने प्रतिज्ञालाई मध्यनजरमा राखेर हाम्रो प्रत्येक क्षण वा समयलाई पूर्णरूपमा सदुपयोग र उपबल्धीमूलक हुनुपर्दछ। फेरि हामी चुनौतीपूर्ण समयमा छौं किनभने दिनहरू खराब छन् (एफिसी ५:१६; ६:१३; गलाती १:४)। संसारका सबै गतिविधिहरू अन्धकारको शक्ति वा राजकुमारले नियन्त्रण गरिराखेको छ (एफिसी २:२)।

येशूको आगमनको प्रतिक्षामा रहेका येशूका भक्तहरू कठिन समयमा बाँचीरहेका हुन्छन्। हामी जोखिम परिस्थितिमा छौं तर संसारको बजारमा उभिरहेकाछौं। समयको सदुपयोग गर्न सक्यौं भनेर त्यसको प्रतिफल राम्रो हुन्छ। जसरी बजारमा आफ्नो फाइदाको निम्ति हामी मोलतोल गर्छौं त्यसरी नै समयलाई सदुपयोग गर्न समयको मोलतोल गर्नुपर्छ। समयको ख्याल गरेर प्रत्येक क्षण फेरि फर्केर नआउने भनेर मूल्य दिएर त्यसलाई सदुपयोग गर्नुपर्छ। मुक्तिलाई हामीले किन्न सक्दैनौं। तर येशूबाट पाएको मुक्तिलाई समयको सदुपयोग गरेर ठिकसाथ चल्नुपर्दछ। समय परमेश्वरको उपहार हो, त्यसलाई हामीले कसरी चलाउने त्यो हाम्रो उपहार परमेश्वरलाई हो।

## ५. पवित्र आत्माले भरिएको आराधना (एफिसी ५:१८-२०)

**जब येशूभक्तहरू आराधनाको निम्ति जम्मा हुन्छन्, त्यसबेलाको वातावरण कस्तो हुनु पर्ने हो भन्ने परिकल्पना वा चाहना पावलले व्यक्त गर्दछन्। आराधनमा के हुनुपर्छ भनेर पावलले एफिसी ५:१८-२०मा चित्रण गर्छन्? हेर्नुहोस्, "१८ दाखमद्य वा रक्सीले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ। १९ एउटाले अर्कासँग भजन, गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै २० सधैं सबै कुराका निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढ़ाओ।"**

एफिसी ५:१-२०को तर्कको अन्त्यमा पावलले विश्वासीहरूलाई दिमाग र मगजलाई खलबनाउने मादक पदार्थ पिएर नमात्तियोस् भनेर आग्रह गर्दछन्। अर्थात् त्यसबेलाका कतिपय क्रिश्चियनहरू पनि जाँडरक्सी पिउँदो रहेछ। (रोमन क्याथोलिक चर्चमा प्रभुभोजमा त रक्सी नै प्रयोग गर्छन्)। तिनीहरूको त्यो आदतको बिरोध गर्दै बरू पवित्र आत्माको शक्ति र उपस्थितिले भरपूर होउ भनेर पावलले आग्रह गर्दछन्। जाँडरक्सी खाएर मतवालीपन हुने कतिपय विश्वासीहरूको आदतप्रति उनको बिरोध हितोपदेशको पुस्तक सम्मत भएको उनले आभास् दिन्छन् (हितोपदेश २०:१, हितोपदेश २३:२९-३५)। रक्सीले लठ्ठ भएपछि मानिस मात्तिन्छ, अवैध यौनसम्पर्क गर्न उक्साउँछ, जबथाभावी बोल्ने बानी हुन्छ, दिमागले नै काम गर्न छोड्छ, अनैतिक व्यवहार उत्पन्न गराउँछ र मूर्तीपूजा गर्न पनि  उक्साउँछ (एफिसी ५:३-१४)। बरू त्यसको सट्टा परमेश्वरको आराधना पवित्र आत्माले भरिएको हुनुपर्छ र एक आपसमा बिचारधिन भएर एक आपसलाई उत्साह दिनुपर्छ। पवित्र आत्माले भरेको विश्वासीहरूले बोलिचालीमा होशियार अपनाउँछन्, गीत र भजन गाउँछन्, मिठो धुनहरू निकाल्छन्, धन्यवाद दिन्छन् वा एक आपसको सराहना गर्छन् र एक आपसप्रति समर्पित हुन्छन्। यो अर्ती पावलले एफिसी ५:१९-२१मा दिन्छन्।

विश्वासीहरूमा पवित्र आत्माले भरिन्दा परमेश्वरको आराधना गर्दा एक आपसमा एकताको सूत्रलाई फस्टाइदिन्छन् (एफिसी ४)। यो मूर्तीपुजकको आराधना र व्यवहारको विपरित हो, जुन पुजापाठ आदिमा स्वकेन्द्रित हुन्छ र अरू आराधकहरूसँग मतलब हुँदैन (एफिसी ५:१-१८)। प्रारम्भिक इसाई आराधनामा परमेश्वरको स्तुति प्रशंसामा सङ्गीतले माथ गरेको थियो। कतिपयले त गीतमा नै चर्चको जन्म भएको थियो भनेर तर्क गर्छन्। यस पद समेत कलस्सी ३:१६, प्रेरित १६:२५, याकूब ५:१३ले विश्वासीहरूको आराधना कार्यक्रममा सङ्गीतको पनि प्रमुख स्थान थियो भनेर देखाउँछ।

आराधना कार्यक्रममा "तेर्सो" तत्व छ। जब गीत वा भजन गाइन्छ त्यसबेला चर्चका सदस्यहरू एक आपसमा एकमत भएर बोलीरहेको देखाउँछ (एफिसी ५:१९)। तर त्यस स्तुती र  सङ्गीतको केन्द्रविन्दु कुनै व्यक्तिविशेष वा प्रतिभा नभएर प्रभु येशू ख्रीष्ट भएको थियो (एफिसी ५:२०, कलस्सी ३:१६)। एफिसी ५:२०मा धन्यवादको कार्यक्रम एफिसी ५:१९को सङ्गीतद्वारा

परमेश्वरको भजनसँग मिल्दछ। "सधैं सबै कुराका निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढ़ाओ।" (एफिसी ५:२०) अर्थात् स्तुति र भजनको केन्द्रविन्दु परमेश्वर पिता र प्रभु येशू हुनुहुन्छ। आत्मिक गीतहरूमा पवित्र आत्माको उपस्थित हुन्छ र उहाँको भूमिका उल्लेखनीय हुन्छ। ग्रीक भाषाको *pneumatikos न्युमाटिकोसको* अर्थ आत्मिक हो र पवित्र आत्माले प्रेरणा गरेकोले वा पवित्र आत्मा भरिन्दा विश्वासीहरू परमेश्वरमा भावित भएर भजन गाउँछन्। प्रारम्भिक इसाई आराधनामा त्रीएक परमेश्वर सक्रियरूपमा समावेश भएको पावलले चित्रण गर्दछन्।

**तपाईंहरूको आराधना कार्यक्रमको अनुभवमा सङ्गीतले कसरी प्रेरणा दिन सकिन्छ।**

## उपसंहार

**थप जानकारीः** इसाई हुँ भनेर दावी गर्नेले त्यस दावी अनुसार चल्नु अति आवश्यक छ भनेर पावलले एफिसी ५:१-२० मा जोर दिएको पाइन्छ। कुनै पनि पाप र खराब तत्व, अनैतिक यौन क्रियाकलाप, जथाभावी बोल्ने जस्ता येशूसम्मत नभएका व्यवहार वा आनीबानीप्रति पावलले घोर आपत्ती जनाएका थिए। परमेश्वरका जनहरूको बीचमा भ्रष्ट व्यवहार अमान्य भएको उनको पावलको जिकिर छ। बरु विश्वासीहरूको बीचमा उच्च र आदर्श जीवनशैली अपनाउनुपर्छ र सबैको सामु अनुसरणीय हुनुपर्दछ । तिनीहरू परमेश्वरका प्रिय छोरा छोरीहरू र सन्त वा पवित्र जनहरूको पहिचान जनमानसमा दिनुपर्दछ (एफिसी ५:१-१०)। जुन समाजमा इसाईहरू रहन्छन् जब तिनीहरूले येशूभक्तले अपनाउने आचारसंहिता लागु गर्छन् तब तिनीहरू अन्धकारमा ज्योतिजस्तै देखिनेछ, त्यसको फल स्वरूप छिमेकीहरू आफूहरूलाई भ्रष्ट पार्ने जीवनशैलीबाट अलग राख्न र परमेश्वरको अनुग्रह र सत्यतिर (एफिसी ५:११-१४) आकर्षित हुन सक्छन् भन्ने आँट पावलले गर्दछन्।

जब विश्वासीहरू ज्योतिका सन्तान भएर ख्रीष्टको आगमनको (एफिसी ५:८,१५,१६) निम्ति भावविभोर भएर समर्पित भएको र ख्रीष्टको उपस्थितले आशिष पाएको (एफिसी ५:१४) आराधनामा जमघट भएको समूह हो भनेर पावलले कल्पना गर्दछन्। तिनीहरू आफूहरू परमेश्वरको प्रिय सन्तान भएको महसुस गर्दै तिनीहरूको निम्ति ख्रीष्ट मर्नुभएको भनेर विश्वास गर्दै र पवित्र आत्माले भरेर जब आराधना गर्छन् तब तिनीहरूमा जोश जाँगर र आनन्दले

भरिएको हुन्छ। तिनीहरू सबै मिलेर येशू ख्रीष्ट र परमेश्वर पिताको स्तुति, प्रशंसा र धन्यवाद सँगसँगै मिलेर गर्दछन्।

जब तिनीहरू स्वर्गको वास्तविकतासँग अडिग हुन्छन् तब तिनीहरू भविष्यको आशामा आनन्दित हुन्छन। परमेश्वरले तिनीहरूको निम्ति के गर्नुभयो त्यस कथामा तिनीहरूको विश्वासको जग गाडिएको हुन्छ। तिनीहरूले गर्नुपर्ने आराधनामा तिनीहरूको प्रभु येशू ख्रीष्टले तिनीहरूलाई साथ दिन्छन् (एफिसी ५:१८-२०)।

पावलको मर्मको परिवेशमा इसाई जीवन भनेको कुनै धर्मको नाउँमा यो गर्नुहुन्छ त्यो गर्नु हुन्न भन्ने नीतिनियम वा आदेशहरू पालन गर्नुभन्दा बढि मनस्थितिमा रहनु हो। यथार्थमा इसाई पहिचान भनेको परमेश्वरप्रति समर्पणता, समाजको सेवा र आराधनामा तल्लिन भएर छुट्टै भएर देखाउनु हो। येशूको आगमनभन्दा पहिलेका अन्तिम दिनहरूमा मानिसहरूलाई परमेश्वरबाट टाढा राख्न अनेकौं लोभ, आकर्षण, मोलतोल वा आफ्नो भाउ बढाउन सक्ने वातावरण आदि हुन्छन्। तर तिनीहरूबाट अलग भएर खराब समयप्रति सजग रहेर आफूले पाएको समय सर्वोहितको निम्ति प्रयोग गरिरहन सक्नु नै सच्चा येशूभक्तको माग हो।

**चिन्तनमनः**

अ. आजभोलीको विभिन्न सञ्चार सञ्जालको संस्कार वा जालोमा मानिसहरूलाई २४सै घन्टा परमेश्वरबाट अलग रहन व्यस्त पार्न सफल भइरहेको छ। त्यस्तो परिवेशमा विश्वासीहरू पावलको उच्च आदर्श जीवनलाई कसरी अङ्गाल्न सक्छ र?

आ. जे कुरो परमेश्वरलाई प्रशन्न पार्छ (एफिसी ५:१०) र परमेश्वरको इच्छा के हो (एफिसी ५:१७) सोलाई विश्वासीहरूले आत्मसात् गर्न के रणनीतिहरू अपनाउन सक्दछन्?

इ. विश्वासीहरूको बीचमा अनैतिक यौन सम्पर्कको विरोधमा पावलले बोल्दा चर्चभन्दा बाहिरको क्षेत्रमा यौन दुरव्यवहार र दुरुपयोगको मामिलामा मौन हुनुपर्छ भनेर कतिपयले तर्क गर्छन्। यो तर्क किन उपयुक्त छैन?

ई. वर्तमान समाजमा भइरहेको मूर्तिपूजा, नास्तिक अर्थात् सनातन परमेश्वरप्रति आस्था नराखी चलीरहेको चलनचल्ती र संस्कारले पावलको समयमा भएको संस्कार र चलनचल्नीको कसरी प्रतिबिम्बित गरिरहेको छ?

# कथा ९

# आफ्नो बाबुको परीक्षा, परमेश्वरको परीक्षा

## रिसजार्ड, पोल्याण्ड



आफ्नो किशोर छोरा टोमास्जलाई रातमा कारमा राखेर पोल्याण्डमा बाबुले लामो यात्रा गर्दै थिए। परमेश्वरसँग आफ्नो अचम्मको अनुभव भएको वयान बाबुले आफ्नो छोरालाई त्यस यात्रामा सुनाउँदै थिए। "जब म कार हाँक्दै गर्छु र बिचमा केही भएर कार चलेन भने प्रायजसो परमेश्वरले मलाई सहयोग गर्नुहुन्छ। कार मर्मत गर्ने व्यक्ति वा कोही मानिस रोकेर मलाई सहायता गरेको हुन्छ। वा कहिलेकाहीँ त ग्यारेजकै अगाडि पनि कार बिग्रिन्छ। त्यसबेला मेकानिकले मलाई सहयोग गर्दछ। बाबुको कुरा छोरा टोमास्जले सुनिरह्यो। तर उसको अनुहारमा केही प्रतिक्रिया देखिएको थिएन।

केही समय पछि कारमा पेट्रोल भर्न बाबु र छोरो पेट्रोल पम्पको अगाडि रोके। जब पेट्रोल भरे तब बाबुले कार चलाउन खोज्दा चल्दै चलेन। अब टोमास्ज हाँसेर आफ्नो मुख खोले, "बुबा, अब तपाईंले के भन्नुभएको थियो, हामी जाँच्नेछौं। तपाईंलाई समस्या भएको बेलामा के परमेश्वरले साँच्चिकै तपाईंलाई सहयता गर्नुहुन्छ त?"

बाबुले पेट्रोल पम्पको साहुनीलाई गएर सोधे, "के तपाईंसँग कार बनाउने मिस्त्री छ?"

"कस्तो कुरा गर्नुभएको। अहिले त रातको एघ्घार बजेको छ। होटेलमा गएर कोठा लिनुहोस् र भोली बिहान मिस्त्री बोलाइ दिन्छु," साहुनीले जवाफ दिइन्।

टाउको हल्लाएर बाबुले भने, "अहँ, मेरो जीवनमा मलाई परमेश्वरले कसरी डोहऱ्याउनुहुन्छ भनेर मेरो छोरालाई मैले देखाउनु छ।" बाबुले आफूलाई एक हप्ता अघि सहयोग गरेको मिस्त्रीलाई फोन गरे। मिस्त्रीले उनलाई के भएको होला र कसरी कार चलाउने भनेर सल्लाह दिए। तर बाबुले त्यो सल्लाह बुझ्न सकेन र कसरी कार मर्मत गर्ने उनलाई थाहा भएन। फेरि आफूसँग कार बनाउने केही सामान पनि थिएन।

जब बाबुले फोनमा कुरा गर्दै थिए तब टोमास्ज कारबाट बाहिर आएर भन्यो, "बुबा, त्यहाँ अलि पर केही मिस्त्रीहरू छन्। तिनीहरूको कार बिग्रिएकोले कारको निम्ति चाहिने पुर्जालाई पर्खिरहेकाछन्। तिनीहरूले कारलाई के भयो भनेर हेर्छन् होला।"

"तिनीहरूलाई बोलाउन त," बाबुले अऱ्हाए।

मिस्त्रीहरू आएर पाँच मिनेटमै कारको समस्या सभाधान गरे। बाबु अत्यन्तै खुशी भएका थिए। हास्दै आफ्नो छोरालाई यो सुनाए, "टोमास्ज, हेर त परमेश्वरले कसरी सहयोग गर्नुहुँदो रहेछ?" मिस्त्रीहरूलाई धन्यवाद दिँदै पैसा दिए र परमेश्वरको बारेमा पुस्तक पनि दिए। मिस्त्रीहरूले पनि धन्यवाद दिएर आफ्नो ठाउँमा गए। तर एक जना त्यहीँ उभेर बसे। "मैले तपाईंलाई चिनेको छु," उनले भने। "ओहो, धेर जना म जस्तै देखिन्छ। मैले तपाईंलाई चिनिनँ," बुबाले जवाफ दिए।

"अहँ, सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा भएको इस्टर कार्यक्रममा मैले तपाईंलाई देखेको थिएँ," त्यस व्यक्तिले जिकिर गर्दै भने। इस्टर कार्यक्रममा आफूले सहयोग गरेको कुरा बाबुले सम्झे। त्यसबेला उनले युवाहरूको अगुवा भएर पोल्याण्डको एडभेन्टिस्ट चर्च सेवा गरेका थिए। आफू त्यही भएको बाबुले स्वीकारे।

"म सेभेन्थ-डे एडभेन्टिस्ट थिएँ। अब म होइन," त्यस व्यक्तिले भने। करुणाले भरिएर बाबुले त्यस व्यक्तिको अनुहारमा हेरे।

"मेरो कार बिग्रिएर यहाँ म भएको संयोगले भएको म ठान्दिँन ताकि हामी एक आपसमा फेरि भेटौं," मुस्कुराउँदै बाबुले भने। एक छिनको कुराकानी पछि परमेश्वरको बारेमा पुस्तक दिएर त्यस मानिससँग प्रार्थना गरे र एक आपसमा बिदावारी गरे।

बाबुको पूरा नाउँ रिस्जार्ड यानोवस्की थियो जब अहिले पोल्याण्ड एडभेन्टिस्ट चर्चको अध्यक्ष हुनुहुन्छ। त्यो मानिसलाई पछि के भयो बाबुलाई थाहा भएन। "जब हामी परमेश्वरको भक्त हुन्छौं तब उहाँले अचम्म तरिकाले अगुवाइ गर्नुहुन्छ भन्ने कुरामा म यकिन छु," यस लेखकलाई बाबुले सुनाए।